नेपाल सरकार

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

# शिक्षा तथा मानव स्रोत विकास केन्द्र

सानोठिमी, भक्तपुर

## शिक्षण स्वयंसेवकका रुपमा कार्य गर्न इच्छुक युवाहरुका लागि सूचना

नेपाल सरकारको आर्थिक वर्ष २०७६/०७७ को बजेट बक्तव्यमा "**चिनौं आफ्नो माटो, बनाऔं आफ्नै देश**" अभियान मार्फत् स्नातक वा स्नातकोत्तर तह उत्तीर्ण गरेका युवाहरुलाई शिक्षण स्वयंसेवकका रुपमा खटाउने घोषणा भए अनुसार सो व्यवस्थालाई कार्यान्वयन गर्नका लागि शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट मिति २०७६।१०।२९ (माननीय मन्त्रीस्तर) मा शिक्षण स्वयंसेवक परिचालन कार्यविधि, २०७६ स्वीकृत भएको छ । उक्त कार्यविधि अनुसार देशका विद्यार्थी शिक्षक अनुपात धेरै भएका, प्रचलित कानून तथा मापदण्ड बमोजिम शिक्षक दरबन्दी नभएका वा अँङ्ग्रेजी, गणित र विज्ञान विषयका शिक्षक अपुग भएका सामुदायिक विद्यालय एवम् प्राविधिक धारको शिक्षा विस्तार गरेका विद्यालयहरुमा भएको शिक्षक अभाव पूर्तिका साथै युवाहरुलाई देश निर्माणमा प्रत्यक्ष योगदान गर्ने अवसर समेत प्रदान गर्नका लागि शिक्षण स्वयंसेवक खटाउने व्यवस्था रहेको छ ।

सो व्यवस्था अनुसार शिक्षा तथा मानव स्रोत विकास केन्द्रको वेवसाइट (**www.doe.gov.np**) मा उल्लिखित स्थानीय तहमा रही कार्य गर्न इच्छुक उक्त कार्यविधिको दफा १० (कार्यविधि, केन्द्रको वेवसाइटमा उपलब्ध छ ) अनुसारको योग्यता भएका नेपाली नागरिकहरुबाट मिति २०७६ फाल्गुण २५ गते भित्र केन्द्रको वेवसाइटमा उपलब्ध **Portal** मार्फत् **Online** निवेदन दिन सूचित गरिन्छ । फाराम भर्ने तरिका सम्बन्धी जानकारी केन्द्रको वेवसाइटमा उपलब्ध छ । यसरी प्राप्त निवेदनहरुलाई कार्यविधिको दफा ९ अनुसार सूचिकृत गरी नियुक्तिका लागि स्थानीय तहहरुमा पठाइने व्यहोरा समेत जानकारी गराइन्छ ।